**निर्णयः**

**निर्णय नं. १:**

यस नगरपालिकाबाट संचालन हुने योजनाहरुमा लागत सहभागिता स्वरुप उपभोक्ता समितिले व्यहोर्ने रकम यस अगाडि उपभोक्ता समितिको खातामा जम्मा गरिआएकोमा अब आइन्दा रू.५,००,०००।०० (अक्षरेपि पाँच लाख मात्र) सम्म साविककै बमोजिमको System र रू. ५,००,०००।०० (अक्षरेपि पाँच लाख मात्र) भन्दा माथिकोमा उपभोक्ता समितिले जम्मा गर्ने रकम नगरपालिकाको खातामा जम्मा गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:**

यस नगरपालिका अन्तर्गत तपशिलमा उल्लेखित ७ वटा विद्यालयहरुलाई प्रोजेक्टर, ई-हाजिरी तथा शैक्षिक सामाग्री खरिदका लागि रु. ३०,०००।- (तीस हजार) का दरले रु. २,१०,०००।- (दुई लाख दश हजार रुपैयाँ मात्र) उपलब्ध गराइएको उक्त रकम अनुमोदन गर्ने र बाँकी ८ वटालाई विद्यालयहरुलाई समेत रु. ३०,०००।- (तीस हजार रुपैयाँ मात्र) का दरले रु. २,४०,०००।- ( दुई लाख चालिस हजार रुपैयाँ मात्र) आकस्मिक कोष तथा पूर्वाधार विकास शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**तपसिलः**

| **अनुमोदन गर्नुपर्ने विद्यालयको नामः** | **भुक्तानी दिनुपर्ने बाँकी विद्यालयको नामः** |
|---|---|
| १. द्वारिकादास मा. वि., रनपा १४ | १. जनजागृति मा. वि., रनपा १४ |
| २. बकुलहर मा.वि., रनपा १ | २. बछौली मा. वि., रनपा ६ |
| ३. भद्रकाली मा. वि. , रनपा १६ | ३. झुवानी मा. वि., रनपा ५ |
| ४. कपरफोरी मा. वि., रनपा ९ | ४. पंचकन्या मा. वि., रनपा १३ |
| ५. पिठुवा स्वास्थ्य चौकी, रनपा १६ | ५. मा. वि. चित्रसारी, रनपा ८ |
| ६. जनोदया मा. वि. रन.पा. १४ | ६. आधारभूत विद्यालय बेल्सी, रनपा ३ |
| ७. मोहना मा.वि., रनपा ९ | ७. आधारभूत विद्यालय माधवपुर, रनपा १५, हरियाली टोल |
| | ८. बैरिया मा.वि., रनपा १० |

**निर्णय नं. ३:**

यस नगरपालिकामा नगर सभाबाट स्वीकृत भएको दरबन्दीमा करारमा नगर प्रहरी भर्ना गर्नको लागि **"नगर प्रहरी व्यवस्थापन गर्ने सम्बन्धी कार्य विधि, २०७५"** लाई परिमार्जन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:**

रत्ननगर नगरपालिका वडा नं. १४ स्थित जनजागृति मा. वि. को D.P.R. पारित गरी भारतीय राजदुतावासमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

रत्ननगर नगरपालिका वडा नं. १ स्थित निपनी-डुंगाघाट नाला निर्माण योजनामा कार्य सम्पन्न पश्चात बाँकी रहेको रकमको ईष्टिमेट गरी सोही बाटोको कालोपत्रे गर्न आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. ३ मा स्वीकृतिका लागि पठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाबाट संचालित प्रथम नगर मेयरकप फुटबल प्रतियोगिताको लागि मेगा बैंक लि. रत्ननगरबाट प्राप्त रकम रु. १,९२,०००।- (एक लाख बयानब्बे हजार मात्र) १६ वटै वडाका खेलाडीहरुलाई जर्सी उपलब्ध गराइएकाले सोको भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस नगरपालिकामा सानातिना योजना तथा कार्यक्रम सबै नगर कार्यपालिकाको बैंठकबाट पारित गरी कार्यान्वयनमा जाँदा लामो प्रक्रियामा हुने भएकोले विषयवस्तुको आवश्यकता र गहनता हेरी रू.२,००,०००।०० (अक्षरेपि दुई लाख मात्र) सम्मको योजना तथा कार्यक्रम नगर प्रमुख ज्यूको स्वीकृतिमा उपलब्ध गराउने र तत् पश्चात बस्ने बोर्ड बैंठकबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निर्णय नं. ८**

फरक क्षमता भएका वर्गलाई खेलकुद प्रतियोगिता संचालन गर्न लागि नगर खेलकुद प्रवद्धन अन्तर्गत छुट्टाइएको बजेटबाट रू.५०,०००।०० (अक्षरेपि पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

लागू औषध तथा मदिराको सेवनका कारण व्यक्तिको स्वास्थ्य मात्र नभई परिवार, समाज र राष्ट्रलाई गम्भीर क्षति पुऱ्याएको हुँदा बढ्दो सामाजिक अपराध, महिला हिंसा, बलत्कार लगायतका गतिविधि बढ्न गएकोले लागू औषध निषेध तथा मदिरा नियन्त्रण गर्न तपशिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| वडा अध्यक्ष श्री बीर बहादुर पाखिन, रत्ननगर १२ | संयोजक |
| वडा अध्यक्ष श्री लाल बहादर भट्ट, रत्ननगर ७ | सदस्य |
| वडा अध्यक्ष श्री हेमराज थापा, रत्ननगर १६ | सदस्य |
| कार्यपालिका सदस्य श्री भोलादेवी गौडेल | सदस्य |
| कार्यपालिका सदस्य श्री सरस्वती लामा | सदस्य |
| सामाजिक विकास अधिकृत श्री विश्वास श्रेष्ठ | सदस्य सचिव |

**निर्णय नं. १०**

आ.व. २०७५/०७६ को नगर सभाबाट रू.१५,००,०००।०० (अक्षरेपि पन्ध्र लाख मात्र) मध्ये बाँकी रहेको रकमबाट खर्च हुने गरी लक्षित वर्गहरुलाई क्षमता अभिवृद्धि गर्न तपशिलका योजना तथा कार्यक्रम तपशिल बमोजिम छुट्टाइएको रकमबाट खर्च गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | वार्ड स्तरमा अपाङ्ग परिचतय पत्र वितरण | ९०,०००।०० | |
| २ | जेष्ठ नागरिकहरुलाई भ्रमण | ८५,०००।०० | |
| ३ | ड्राइभिङ्ग तालिम (१६ जना) | १,६०,०००।०० | |
| ४ | ६४ जना उद्यमी महिला | ६,४०,०००।०० | |
| ५ | उद्यमशीलता तालिम (६४ जना) | ८०,०००।०० | |
| ६ | सिलाई सम्बन्धी एडभान्स तालिम (५ जना) | ४०,०००।०० | |
| ७ | नयाँ कानूनी व्यवस्था सम्बन्धी अभिमुखीकरण कार्यक्रम | १५,०००।०० | |
| ८ | दुग्धजन्य परिकार सम्बन्धी तालिम (१० वटा महिला सहकारीबाट १/१ जना र संचालक संस्थाबाट) | १,८०,०००।०० | |
| ९ | पूर्वी चितवन ह्वील चियर संघ | १०,०००।०० | |
| | जम्मा रकम | १३,००,०००।०० | |

**निर्णय नं. १२**

यस रत्ननगर नगरपालिकाको नगर स्तरीय योजनामा वडा नं. १३ एक Cold Store निर्माणको गर्नको लागि रू.५०,००,०००।०० (अक्षरेपि पचास लाख मात्र) विनियोजित भएकोमा उक्त Cold Store को DPR गर्न विनियोजित रकमबाट रू.५,००,०००।०० (अक्षरेपि पाँच लाख मात्र) छुट्टाउने निर्णय गरियो ।

**निर्णय नं. १३**

स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम गठित योजना अनुगमन समितिमा नगर प्रमुखले १ जना महिला सहित २ जना तोक्न सक्ने प्रावधान बमोजिम यस अघिको अनुगमन समितिमा रहेको २ जना कार्यपालिका सदस्य निर्मला कुमारी खड्का र कृष्ण परियारको स्थानमा कार्यपालिका सदस्यहरुमध्ये वडा अध्यक्ष श्री कृष्ण महतो, रनपा ५ र कार्यपालिका सदस्य श्री रीता बि.क. लाई समावेश गरी समिति परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

यस नगरपालिका क्षेत्रमा रहेका सरकारी, सार्वजनिक जग्गाको लगत संकलन गर्ने उद्देश्यले कुनै पनि व्यक्ति विशेषले उपभोग गर्दै आएको सरकारी सार्वजनिक जग्गाको के कति रहेको भनी विवरण संकलन गर्न १५ (पन्ध्र) दिनको सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस रत्ननगनर नगरपालिका अन्तर्गतको विपद् व्यवस्थपन समितिले पेश गरेका तपशिलका विषयमा निर्णय गरियो ।

तपशिल

| क्र.सं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | वडा नं. १६ निवासी श्री चारपाङ तमाङ्गको कुखुराको खोरमा | १५,०००।०० (पन्ध्र हजार) | |

| | | | |
|---|---|---|---|
| | आगलागी भएको र क्षतिपूर्ति रकम | | |
| २. | वडा नं. ६ मा जमिन कटान रोक्नको लागि ग्याबिन जाली, ५ (पाँच थान) | | |
| ३. | वडा नं. ७ मा जमिन कटान रोक्नको लागि ग्याबिन जाली, २० (बीस थान) | | |
| ४. | पाटे बाघको आक्रमणबाट घाइते श्री लक्ष्मी भुजेललाई उपचारार्थ आर्थिक सहयोग | २५,०००।०० (पच्चीस हजार) | |
| ५. | रत्ननगर नगरपालिका वडा नं. ८ बस्ने कृष्ण बहादुर लामाको घरमा आगजनी भएकोमा क्षतिपूर्ति उपलब्ध गराउने | २०,०००।- (बीस हजार) | |

**निर्णय नं. १६**

यस नगरपालिका वडा नं. १३ को शीतल टोल जग्गा खरिद (बाटो खरिद) को लागि छुट्याइएको रू.१०,००,०००।०० ( अक्षरेपि दश लाख मात्र) मध्ये रू.९,००,०००।०० (अक्षरेपि नौं लाख मात्र) जग्गा खरिद गरी बाँकी रहेको रू.१,००,०००।०० ( अक्षरेपि एक लाख मात्र) सोही बाटो ग्राबेल गर्नको लागि दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

यस नगरपालिका वडा नं. १ को चालु आ.व. २०७५/०७६ को वडा बजेटमा विनियोजित रखालको घरदेखि दुर्गा मन्दिर पछाडिको बाटोमा मोज्याक टायल लगाउन रू.३,००,०००।०० (अक्षरेपि तीन लाख मात्र) विनियोजित गरिएकोमा सो स्थानका उपभोक्ताबाट कालो पत्रे गर्न भनी माग भई आएकोमा वडाले निर्णय गरी सोही बमोजिम गर्ने भनी गत परिषद्मा बजेट रकमान्तर गरिएकोमा उक्त स्थानमा बाटोको मापदण्ड अपुग भई कालो पत्रे गर्न नमिल्ने भएकोले उक्त स्थानमा आगामि वर्ष काम गर्ने गरी हाल लाई सो बजेट यसै वडामा निर्माणधिन कृष्ण गौतमको घरदेखि हरिलाल सुवेदीको घरसम्मको बाटोलाई दिने निर्णय गरी वडा बैंठकबाट निर्णय गरिएकोले सो रकमलाई बोर्ड बैंठकबाट रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. १८**

यस रत्ननगनर नगरपालिका अन्तर्गतको आर्थिक विकास समितिबाट विभिन्न संघ संस्थाबाट अनुदान सहयोग माग भएकोमा के कति रकम आवश्यक हो सोको स्थलगत अध्ययन गरी आर्थिक विकास समितिले आगामि बोर्ड बैंठकमा पेश गर्ने निर्णय गरियो, साथै कृषि तथा पशु पंक्षी विकास शाखाका यस आ.व. मा संचालन गर्नु पर्ने स्वीकृत कार्यक्रमहरुको आवश्यक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९**

यस रत्ननगनर नगरपालिका स्थित माधवपुर ७ मा आधारभूत विद्यालयलाई स्वर्ण जयन्ति मनाउन न. पा. आकस्मिक कोष तथा पूर्वाधार विकास शीर्षकबाट रू.१,००,०००।०० (अक्षरेपि एक लाख मात्र) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

विभिन्न विषयगत समितिहरुलाई बैंठक बसे वापत वर्षको बढीमा १२ वटा बैंठकका लागि प्रति व्यक्ति रू.५००।०० ( अक्षरेपि पाँच सय मात्र) बैंठकमा उपस्थित भए वापत कन्टेन्जेन्सी शीर्षकबाट भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २१**

गत आ.व. मा रत्ननगर ९ मा अवस्थित तमाङ्ग समाज ल्होच्याड गुठी संघले रत्ननगर ८ र ९ को बुढाघाट बरण्डाभार जंगलमा २०२२ सालदेखि तमाङ्ग जातिको दाह संस्कार गर्दै आएको र सो स्थानमा लामा गुरुहरु बसी पूजापाठ गर्नका लागि सत्तल ( प्रतिक्षालय) र खगेरी खोलामा अस्थायी पुल निर्माणका लागि आवश्यक बजेट व्यवस्था गर्ने भनी मिति २०७५।०२।०९ गतेको कार्यपालिका बैठकबाट निर्णय समेत भैसकेकोमा लागत ईष्टिमेट तयार गरी योजना संचालन गर्न यस आ. व. मा आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

हाल संचालनमा रहेको विपद् व्यवस्थापन सम्बन्धी तालिममा सहभागीहरुलाई प्रति दिन प्रति व्यक्ति रू.२००।०० (अक्षरेपि दुई सय मात्र) का दरले यातायात खर्च र सो कार्यक्रममा सहभागीहरुलाई खाजा खुवाउँदा लागेको खर्च विपद् व्यवस्थापन शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

कयर खोलामा रहेको नदीजन्य पदार्थको चोरी, बिक्रि वितरण गरेका विभिन्न व्यक्तिबाट विभिन्न मितिमा नेपाल प्रहरी, टाँडी शाखाले बरामद गरकोले त्यस्ता व्यक्तिबाट असुलउपर गरिएको कूल जरिवानाको हिसाब गरेर ५०% नेपाल प्रहरीलाई प्रोत्साहन स्वरुप रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २४**

यस नगरपालिका क्षेत्रमा रहेको फोहोरमैला व्यवस्थापन गर्ने क्रममा यस अगाडि ५, ६ र ७ वडा बाहेक ठेक्का आह्वान गर्ने निर्णय भएकोमा अब आइन्दा नगरपालिकाका सबै वडाहरुमा (१-१६) निजी क्षेत्रबाट फोहोर मैला व्यवस्थापनको लागि तत्काल सूचना आह्वान गरी ठेक्का लगाउने निर्णय गरियो ।

**निर्णय नं. २५**

सहकारी बजार विकास कार्यक्रमका लागि छनौट गरिएको रत्ननगर नगरपालिका वडा नं. ११ स्थित श्री दिर्घायू जडिबुटी सहकारी संस्थाको तरकारी तथा फलफूल संकलन केन्द्र निर्माणको लागि साविक पंचकन्या ७ग हाल रत्ननगर नगरपालिका वडा नं. ११ मा पर्ने कि. नं. ३९ को पर्ति ऐलानी जग्गा माग भई आएको, सम्बन्धित वडा समितिको बैठकबाट उक्त संस्थालाई उपलव्ध गराईदिन सिफारिस सहित निर्णय भई आएको र उक्त जग्गा हालसम्म कोही कसैले भोगचलन नगरेकोले सो जग्गा नगरपालिका कार्यालयको संरक्षणमा, सो जग्गामा रहेका र निर्माण हुने संरचनाहरु नगरपालिका कार्यालयको स्वामित्वमा रहने गरी नेपाल सरकारबाट उक्त जग्गा अन्य प्रयोजनको लागि माग भैआएमा वडा कार्यालय र सहकारी संस्थाले उक्त जग्गा र उक्त जग्गामा रहेका संरचनाहरुको स्वामित्व/भोकाधिकार छोड्ने गरी हालको सडक मापदण्ड १६ मीटर छाडी संरचनाहरु निर्माण गर्ने गरी सो सहकारी संस्थालाई बार्षिक रु. १,०००।- (एक हजार) मा भाडामा दिने निर्णय गरियो ।

**निर्णय नं. २६**

Literary Association of Nepal (LAN) बाट 1st March, 2019 मा सौराहामा 38 Annual International Conference आयोजना भएकोले उक्त कार्यक्रमलाई न. पा. आकस्मिक कोष तथा पूर्वाधार निर्माण शीर्षकबाट रू. ५०,०००।०० (अक्षरेपि पचास हजार मात्र) प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. २७**

रत्ननगर नगरपालिका ४ नं. वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री चन्द्र बहादुर बि.क. ले र.न.पा. ०४ स्थित ट्रिटमेन्टप्लान्टको समेत रेखदेख गरी आएकोले निजलाई दोहोरो कार्यबोझ परेको हुँदा खाजा खर्च वापत दैनिक रू. १००।०० (अक्षरेपि एक सय मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २८**

यस रत्ननगर नगरपालिकाले आ.व. २०७५।०७६ को बजेट तथा कार्यक्रममा स्वीकृत बजेटबाट कार्य गर्ने गठन संचालनमा रहेका तपशिल अनुसारका योजनाहरुको ठेक्का विधिबाट निर्माणकर्ता छनौट भै कार्य संचालन भएकोमा देहायका योजनाहरुको निर्माण गर्ने क्रममा निर्माण क्षेत्रभित्र परेका खानेपानी पाइप लाइन सार्ने, ढल तथा ढल च्याम्बर सार्ने, विद्युत लाइन इन्सुलेटर केबुल सहित सार्ने, गाह्रोको उचाई थप गरी थप निर्माण कार्य गरी योजना निर्माण सम्पन्न गर्न अत्यावश्यक देखिएको र सो सम्पूर्ण कार्यको प्राविधिक लागत अनुमान गरी योजना निर्माण कार्य पूर्ण रुपमा समयमा नै सम्पन्न गर्नु पर्ने देखिएकोले सो कार्य गर्नका लागि तपसिल वमोजिमको भेरियसन आदेश स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | ठेक्का नं. तथा ठेक्का लिने कम्पनी विवरण | भेरियस हुने लागत रकम | कैफियत |
|---|---|---|---|---|
| १. | टाँडी चोक शीतल चोक भोकाहा हुँदै बुढी कुलो पक्की पुल जोड्ने सडक दायाँ/बायाँ पक्की नाला तथा पेटी निर्माण योजना रत्ननगर-४ | Rat\Chitwan\Work\Ncb\01\074-075, पी.के. निर्काण सेवा, रत्ननगर १६ | १२,१२,२२०।५४ | |
| २. | टाँडी चोक शीतल चोक भोकाहा हुँदै बुढी कुलो पक्की पुल जोड्ने सडक दायाँ/बायाँ पक्की नाला तथा पेटी निर्माण योजना रत्ननगर-४ | Rat\Chitwan\Work\Ncb\01\075-076, मनकामना कन्ट्रक्टर्स एण्ड बिल्डर्स, चितवन | १८,२१,०५६।११ | |
| ३. | टाँडी चोक नवीन चोक जोड्ने सडकको दायाँ/बायाँ पक्की नाला निर्माण योजना रत्ननगर-२ | Rat\Chitwan\Work\Ncb\02\075-076, पी.के. निर्काण सेवा, रत्ननगर १६ | १६,८०,०११।८७ | |
| | | **जम्मा रु.** | **४७,१३,२८८.५२** | |
| | **अक्षेरुपी -रकम रु. सत्चालिस लाख तेह्र हजार दुई सय अठासी रुपैया पैसा बाउन्न मात्र)** | | | |

**निर्णय नं. २९**

यस कार्यालयबाट सरुवा हुनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री बाबुलाल रेग्मी, प्रदेश मन्त्रालयमा समायोजन हुनु भएका शिक्षा शाखाका उप-सचिव श्री नारायण प्रसाद पौडेल, कालिका नगरपालिकामा समायोजन हुनु भएका लेखा अधिकृत ऋषि प्रसाद कडुवालले यस नगरपालिकामा रहँदा आफ्नो पदीय जिम्मेवारीलाई ईमान्दारिताका साथ बहन गर्नु भएकोले उहाँहरुले पुऱ्याएको सेवाको सम्मान गरी सरुवा तथा समायोजन हुनु भएकोमा बधाई दिँदै उहाँहरुलाई सफल कार्यकालको शुभकामना प्रदान गर्ने निर्णय गरियो ।